# ३५

# पदयात्रीको फोहरी बाटो पछ्याउँदै

## माइकल लुहान

अचम्म ! लुक्लादेखि सगरमाथाको आधार शिविरसम्म जाने लालीगुराँसका बीचैबीचको बाटोमा बेमौसममै गुलाफी, सुन्दर फूलहरू ! तर हेर्नोस्, ती त 'ट्वाइलेट पेपर' पो रहेछन् । धेरैजसो चीनमा बनेका र पश्चिमी पर्यटकहरू हिँडेका बाटा देखाउँदै छेउछाउमा छरिएका !

फेरिच, लोबुजे र गोरक्षेपजस्ता अरू बिसौनीहरूमा पनि विदेशीहरूले छोडेका फोहरका थुप्रा जतातते पाइन्छन् । फ्याँकिएका ब्याट्री, प्लास्टिकका बक्सा, खानेकुराका खाली डब्बा, ग्यासका सिलिण्डर तथा आधुनिक चल्तीका अरू फाल्तुहरू । आधार शिविरमा पालहरू पनि तिनीहरूमाथि वा तिनकै छेउछाउमा ठडयाइएका देखिन्छन् ।

नेपालको ग्रामीण समुदायलाई विगत केही वर्षहरूदेखि रोजगारी, पैसा र सामाजिक फाइदा पनि प्रदान गर्दै आएको पदयात्रा (ट्रेकिङ) र पर्वतारोहण उद्योगले वास्तवमा अहिले नराम्रो रूप लिएको छ । कतै अनियन्त्रित रूपमा तेल चुहिएर फैलिएजस्तै फोहरको रास लगातार हिमालय क्षेत्रमा फिँजारिएको छ । सन् १९८५ मा एक अमेरिकी पदयात्रा सञ्चालकले काठमाडौँबाट उत्तरतिरको पदयात्राका बारेमा भनेझैँ "लाङटाङ ! ए, त्यो त ट्वाइलेट पेपरको गोरेटो हो ।"

अनुभवी सरदार पदमसिंह घलेका अनुसार केही वर्षयता स्थिति झन् खत्तम भएर गएको छ । उनका विचारमा अमेरिकाको रकिज र युरोपका आल्पस शृङ्खलाका बाटाहरूमा भने बडो नैतिक र सचेत हुने तिनै पर्यटकले यहाँ लागू मामुली नियम कानूनलाई पनि बेवास्ता गर्छन् । सन् १९७६ देखि पर्वतारोहणको व्यवस्था गर्ने गरेका र आफैँ पर्वतारोहीसमेत भएका माइकल येगर यो समस्या ज्यादै उग्र भएको कुरा स्वीकार गर्छन्, "यस वर्ष मैले भेटेका प्रत्येकले औंल्याए, शिविरहरूका वरिपरि र बाटोभरि स्थिति ज्यादै खराब छ ।" उनले भने, "कस्तो घिनलाग्दो ! कहाँसम्म भने मैले तेङपुछेंका 'मणि' ढुङ्गाहरूमा पनि दिसापिसाब गरेको देखेँ ।"

*हिमाल*, २०४७, पृ.२९-३१ मा प्रकाशित ।

वास्तवमा फोहरमैलाको अन्त्य आधार शिविरमै हुँदैन, फ्याँकिएका स-साना बक्साहरू, तार, हिउँकुटेहरू र अरू फाल्तुहरूको बाटैजस्तो माथि चुचुराहरूसम्मै पुगेको छ। सगरमाथाको दक्षिण भञ्ज्याङ ‘साउथ कोल’ त संसारको सबैभन्दा अग्लो फोहर मैलाको डङ्गुर हो। सन् १९८७ को अन्त्यतिर तत्कालीन पर्यटन राज्यमन्त्री रमेशनाथ पाण्डेले एउटा अन्तर्वार्तामा “स्थिति कतिसम्म नियन्त्रणबाहिर पुगिसकेको छ भने, केही नगरिएसम्मका लागि ८,००० मिटरभन्दा अग्ला सबै हिमालहरू पर्वतारोहणका लागि बन्द गर्ने हो कि भनी सरकारी विचार भएको” कुरा बताएका थिए। तर त्यसो भएन, बरु यसैबीच वर्षेनी अनुमानित ४०,००० पदयात्री र पर्वतारोहीहरूले फोहरमैलाका थुप्रा बढाउँदै गए।

## दोष सबैको

यस स्थितिको उत्तरदायी को हो भनेर खेप्न लाग्यो भने जसले पनि अर्कालाई सङ्केत गर्छन् र “मैले हैन”को कोलाहल सुनिन्छ। पश्चिमा ट्रेकिङ एजेन्सीका प्रतिनिधिहरू यस आरोपलाई नेपाली सरदार (नाइके) र भरियातिर पन्छाउँछन्। भन्छन्, “साहेब, मेमसाहेबहरू बसेको क्याम्प सफा गर्ने काम तिनैको हो।” सरदारहरू भन्छन्, “यो काम तिनै पश्चिमाहरूको हो, जसले टनका टन ननासिने सामान ल्याउँछन् र स-साना कुरामा पनि टिस्यु पेपर प्रयोग गर्छन्।” भनिन्छ, पदयात्रीको प्रत्येक हाच्छ्युँले हिमाली वातावरणको नोक्सान गरेको छ। प्रत्येक हाच्छ्युँमा ‘क्लिनेक्स’ टिस्यु पेपर निकालिन्छ र कडा हिमाली हावामा फ्याँकिन्छ। त्यो पेपर अग्लो र जाडो वातावरणमा नष्ट (बायोडिग्रेड) हुन साह्रै धेरै समय लाग्छ भनी धेरै वर्ष पदयात्राको धन्दामा लागेका शेर्पाहरू बताउँछन्।

आफू संलग्न भएको पर्वतारोहण अभियानमा फोहरमैला बारेमा उचित दिग्दर्शन नगर्ने सरकारी सम्पर्क अधिकृत (लिएजन् अफिसर) लाई पनि दोष जान्छ। अझै अर्को समस्या के छ भने आधाजति पदयात्रीहरू समूहमा नहिँडेर एक्लाएक्लै पदयात्रा गर्छन्। तिनलाई सचेत गराउन र निरीक्षण गर्न गाह्रो छ।

सन् १९६० र ७० का दशकतिर जब पहिलेपहिले विदेशीहरूले आफूलाई नचाहिएका सरसामान पहाडका बाटातिर फ्याँके, भरियाहरू र बीचका गाउँलेहरूले दङ्ग परेर कफीका टिन, बोतलहरू र अरू खाली डब्बाहरू आ-आफ्ना घर लगे। तर यस्ता सामग्री थुपार्ने उनीहरूको क्षमता धेरै पहिले नै एउटा हदसम्म पुगिसकेको छ। हिजोआज ती फाल्तुहरू शिविरका छेउछाउतिर रास लगाएर फालिन्छन्, खूबै भए अलिअलि स-साना खाडलतिर आधाउधी पुरपार पारिन्छन्। नत्र हिउँका धाँजाहरूमा फालिन्छन्, हिमनदीहरूले तिनलाई भित्रभित्रै घिसारेर एक दशकपछि फेरि फेदीतिर निकालिदिन्छन्।

कहिलेकाहीँ मात्र ती फाल्तुहरू डोकोमा बोकिन्छन्। सौन्दयप्रतिको अज्ञानता अझै तगारो बनेकै छ। येगरले एकपल्ट आफ्नो अभियानबाट फर्किंदा सगरमाथा

राष्ट्रिय निकुञ्जको प्रवेशद्वार मानिने जारसल्लेसम्म ठूलै भारी ल्याएका थिए। उनले गरेको कामका लागि बधाई दिँदै ती फाल्तुहरू डढाइने आश्वासन त्यहाँका कर्मचारीले दिए। तर बोतल र बट्टाहरूलाई के गर्थे होलान् ? एकजना कर्मचारीले जवाफ दिएका थिए, "क्यै छैन, तिनलाई हामी नदीमा फालिदिउँला ।"

पदयात्रा व्यवसायबाट डलरको खोलो बगुन्जेल पर्यटन मन्त्रालय "नेपाललाई जस्तो पाउँछौ त्यस्तै छाडिदेऊ" भन्ने भाषण दिएर मात्र चुप लाग्छ । ट्रेकिङ एजेन्सीहरूले यी फोहरहरू सफाइ गर्ने अलिखित नियम उल्लङ्घन गरिरहेका छन्। यो कुरा पर्यटकलाई थाहा छ, सरदारहरूलाई पनि ।

## अन्नपूर्णको उदाहरण

निराशा र फोहरका थुप्राका बीच अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाको उदाहरण घतलाग्दो छ । सन् १९८६ मा उद्घाटन भएदेखिन्, धम्पुस, घान्द्रुक, घोडेपानी आदिका लज मालिक र त्यस क्षेत्रका अरूअरू गाउँका लागि फोहरमैला तह लगाउने खाडल र शौचालयसम्बन्धी तीनदिने तालिम यसले सञ्चालन गर्दै आएको छ । पछिपछि लज व्यवस्थापन समिति गठन गर्न पनि उनीहरूलाई उत्साहित गरिन्छ, जसका माध्यमबाट परियोजनाले शौचालय बनाउन ऋण प्रदान गर्दछ । "हाम्रो सिद्धान्त फोहरमैलाको उचित व्यवस्थापनबाट तिनीहरूलाई नै ठोस फाइदा हुन्छ भन्ने देखाएर स्थानीय जनतालाई यसमा सहभागी गराउनु हो," परियोजना निर्देशक मिङमा नोर्बु शेर्पा भन्छन्, "सफा वातावरण भनेकै धेरै पर्यटक, स्तरीय सेवा र धेरै आम्दानी पनि हो ।"

अन्नपूर्ण क्षेत्रले सगरमाथा क्षेत्रले भन्दा तीनगुना बढ्ता पदयात्री आकर्षित गर्दछ, तर पनि, घले र अरूहरू पनि भन्छन्, "यो क्षेत्र धेरै सफा छ ।" सगरमाथा क्षेत्र फोहर हुनुको मुख्य कारण लुक्लाबाट एउटै बाटामा मात्र पदयात्रा केन्द्रित हुनु हो । फेरि, पदयात्रुहरू त्यता धेरै लामो अवधिसम्म बस्छन्, धेरै भरियाहरू र धेरै सरसामानसहितका धेरै पर्वतारोहण अभियान हुन्छन्। जे भए पनि अन्नपूर्ण परियोजनाको प्रयासले विशेषगरी गाउँहरूको स्वास्थ्य र सरसफाइको स्तरमा सुधार गरेर स्पष्ट फरक देखाएको सबैले स्वीकार गर्छन् ।

अन्नपूर्ण परियोजनाले वर्षेनी दुइटा सरसफाइ अभियानको प्रबन्ध गर्छ । सगरमाथा क्षेत्रमा पनि बेलाबेलामा यस्ता अभियान चलाइन्छन् तर मिङमा नोर्बु शेर्पा यसलाई समाधानका रूपमा देख्दैनन्। "सफाइ-अभियान समस्याप्रति ध्यान आकृष्ट गर्ने उपयोगी माध्यम हो। अधिकारीहरूले स्थानीय बासिन्दालाई फोहरबापत शुल्क लिनसक्ने अधिकार प्रदान गरेर उनीहरूलाई त्यस्ता फोहर-फाल्तु जम्मा गर्ने केन्द्रहरू राख्न उत्प्रेरित गर्नु नै फोहरमैला घटाउने वैज्ञानिक तरिका हुनसक्छ," उनी भन्छन् ।

अरू सबै विकल्पहरू समाप्त भएको हुनाले उनको सल्लाहले काम दिनसक्छ। सरकारले फोहरमैला जथाभावी फाल्न नपाइने नियम जारी गरेको त छ तर त्यो

प्रभावकारी छैन । ट्रेकिङ एजेन्सीहरूले आफ्ना फोहर फाल्तुलाई आफैँ नटिपी हिँड्ने अटेरी काम कायमै राखेका छन् । त्यही कुरा धेरै पर्यटक र पर्वतारोहीमा पनि लागू हुन्छ । हिमालयको यस क्षेत्रलाई सफा राख्ने एउटै उपाय हुनसक्छ– आफू आएको अवस्थामा भन्दा बढ्ता फोहर पारेर जानेहरूलाई पछ्याएर सफा पार्न लगाउने र तिनीहरूको निगरानी राख्न तिनै बाटाहरूका छेउछाउमा बस्ने जनतालाई सक्षम तुल्याउने । ♦